

# अध्याय -८

## उहाँको इन्साफको घडी

यस अध्यायका मूल पदहरू   दानिएल ८, दानिएल ९, एज्रा ७, मत्ती ३:१३-१७, रोमी ५:६-९, मर्कूस १५:३८ र लेबी १६:१६।



यस अध्यायको मूल सार पदः "यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ। अब निद्राबाट ब्यूँझने ठीक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ। रात बितिसक्यो, र दिन नजिकै आइपुगेको छ। यसकारण अन्धकारका काम छोड़ेर हामी ज्योतिका हातहतियार धारण गरौं।" रोमी १३:११-१२।

धेरै वर्ष अघि प्रख्यात पत्रिका नेशनल जियोग्राफिकले अमेरिकाको प्रशिद्ध यलो स्टोन नाशनल पार्कको जङ्गलमा भएको आगलागीको बारेमा समाचार छापेको थियो। जब आगो निभ्यो तब बनपालेहरू जङ्गलमा घुम्दै पहाडमा आइपुगे। आगोले कतिको क्षती भयो भनेर तिनीहरूले हेर्न चाहेका थिए। एउटा बनपालेले एउटा चरा रूखमुनि जलेर भष्म भएको देखे। त्यो देखेर उसलाई धेरै दु:ख लागेको थियो। उसले लठ्ठी लिएर त्यस मरेको चरालाई चलाए।

जब लठ्ठी चलाएर तब मरेको आमाको चराको पखेटामुनि रहेक तीन वटा बचेराहरू निस्के। कस्तो मायालु आमा! त्यस ठाउँमा आगोले नाश हुने देखेर आफ्ना बचेराहरूलाई रूखको गुँडबाट तल ल्याएर त्यसको फेदीमा राखिन् र तिनीहरूलाई आफ्नो पखेटाहरूले छोपिदिइन्। उनी उडेर सुरक्षित स्थानमा जान सक्थिन् तर आफ्ना बचेराहरूलाई त्यसै छोड्न उनको मनले मानेन। प्रभु येशूको सुरक्षामा रहेको विश्वासी कस्तो हुनेरहेछ भन्ने त्यस चराको हृदय विदारक दृश्यले कसरी देखाएको रहेछ!

परमेश्वरको न्यायको आगोमा आफू पनि जल्नुभएको थियो, कलभरीमा, र जो सबै जना ख्रीष्टमा छन् तिनीहरू सदासदासम्म उहाँका पखेटाहरूमुनि सुरक्षित छन्। येशू ख्रीष्टलाई अपराधी पापी भनेर दोष लगाएर क्रूसमा टाँगिएको थियो। उहाँको त्यो मृत्युले हामी स्वर्गको राज्यको धर्मी नागरिक हुन सक्ने भएका छौं। उहाँ अपराधी भनेर घोषित गरिएको थियो ताकि हामी अनन्तसम्म नाश हुने आगोबाट उम्किन सकौं। यो केवल चित्रणमात्र होइन यथार्थ पनि हो।

## १. पवित्रस्थानको शुद्धिकरण

येशू ख्रीष्ट आउनुभन्दा पहिले न्याय हुनुपर्छ भनेर हामीले सिकेकाछौं। उच्च स्वरले स्वर्गदूतले घोषणा गर्दछ कि "इन्साफको समय आइसकेको छ" (प्रकाश १४:७)। यो इन्साफ कहिले सुरु भयो भनेर दानिएलको पुस्तकले हामीलाई देखाउँदछ।

**दानिएलले दानिएल ८:१४मा के विशेष समय तालिका दिएको छ जब पवित्रस्थानको शुद्धिकरण वा पुनःअर्पण हुन्छ भनेर हामीलाई औंल्याउँछ? हेर्नुहोस्, "उनले मलाई भने, “दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।”**

यस पृथ्वीमा भएको पवित्रस्थानको शुद्धिकरणको बारेमा प्रत्येक यहूदीले बुझेका थिए। यो प्रायश्चितको दिन हो जसलाई इन्साफको दिन पनि भनिन्छ (यहूदीहरूले अहिले पनि यो चाडलाई याम किपुर भनेर वर्षभरीको अत्यन्तै महत्त्वपूर्ण पर्वकोरूपमा मनाउँछन्)। दानिएलले पवित्र स्थानको शुद्धीकरण वा पुनःअर्पण र इन्साफको बारेमा बुझेतापनि उनी २३०० दिनको बारेमा अलमलमा परेका थिए।

दानिएल ८:२७ र दानिएल ९:२१,२२ पढ्नुहोस्। २३०० दिनको स्वप्नदर्शनप्रति दानिएलको प्रतिक्रिया कस्तो थियो र परमेश्वरले उनलाई कसरी जवाफ दिनुभयो? हेर्नुहोस्, "म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई पस्रिएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो।" दानिएल ८:२७ र "जसै म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए। उनले मलाई आदेश दिए र भने, "हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु।" दानिएल ९:२१-२२।

दानिएल ८ को अन्त्यमा उनी मुर्छा परे र चिच्याए, "यो दर्शन देखेर म आश्चर्यचकिट भएँ, तर कसैले बुझेन।" दानिएल ८:२७। त्यो २३०० दिनहरूको दर्शन थियो। अरू दर्शनहरूको अर्थ उनलाई व्याख्या गरिसकेका थिए। दानिएल ८:१९-२२। अर्को अध्याय दानिएल ९मा स्वर्गदूत गाब्रिएल दानिएलकहाँ आएर २३०० दिनको भविष्यवाणीको बारेमा अर्थ खुलाउन यसो भन्छन्, "हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु।" दानिएल ९:२२।

आफ्नो प्रार्थनाको जवाफ गाब्रिएलले जवाफ दिएर प्रकट गरेकोमा दानिएल अचम्भित हुन्छन्। उनले प्रार्थनामा सोचेको भन्दा अर्थ ठूलो थियो। स्वर्गदूत गाब्रिएलले **दानिएललाई** समय तालिको श्रृङ्खला दिन्छन्। त्यसमा मसीहको आगमनको सत्यको बारेमा प्रकट गरिएको थियो। उहाँको सेवाकार्यको सुरु देखि उहाँको निष्ठुर मृत्यु अनि पवित्रस्थानको शुद्धिकरणका घट्नाहरूसम्मको ठ्याक ठ्याक **समय** दानिएललाई गाब्रिएलले बताउँछन्, जुन दानिएल ८मा उल्लेख गरिएको छ। अर्थात् ख्रीष्टको मृत्यु र इन्साफ एक आफसमा गाँसिएको घट्ना हो। त्यसलाई अलग गर्न सकिंदैन।

**दानिएल ८:१४सँग इन्साफको बारेमा सिधै जोडिएको येशूको मृत्युको महत्त्व के छ जुन दानिएल ९:२४-२७मा प्रकट गरिएको छ? यसमा लेखिएको छ, "२४ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू को आदेश तोकिएको छ। २५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन,**

अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू÷ र बयसट्ठी 'सातहरू÷ हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सातको लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात÷-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।"

## २. २३०० दिन र युगको अन्त

दानिएल ८:१७,१९,२६ पढ्नुहोस्। दानिएल ८ र २३०० दिनहरू कार्यान्वयन हुने समय तालिकालाई दानिएलको दर्शनमा स्वर्गदूतले गरिएको घोषणामा के छ र त्यो बुझ्न किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "१७ जसै तिनी म उभिएको ठाउँ नजिक आए, म डरले भयभीत भएर लम्पसार परें। तिनले मलाई भने, "हे मानिसको पुत्र, यो बुझ कि दर्शनले अन्तको समयलाई सङ्केतगर्दछ।...१९ तिनले भने, "क्रोधको समयमा पछि के हुनेछ, म तिमीलाई बताउन लागिरहेछु, किनभने दर्शनले तोकिएको अन्तको समयलाई बताउँदछ।...२६ "तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोरलगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।"

२३०० दिनको भविष्यवाणी अझरस दिनहरू हुन् भनेर कतिपयले तर्क गर्छन्। दानिएल ८मा उल्लेखित सानो सिङ्ग सल्युसिड सेनापति आन्टिओकस एपिफानास (ई.पू. २१६-१६४) हो भनेर पनि कतिपयले जिकिर गर्छन्। उनले यरुशलेममा हमला गरेर यहूदी मन्दिरलाई बिटुलो पारेका थिए। तर २३०० दिनको भविष्यवाणी उनको समय तालिकासँग मिल्दैन। यस खालको व्याख्या स्वर्गदूतले दानिएललाई बताएको समयको अन्तको दर्शनको अर्थको बिपरित छ। किनभने आन्टियोकस युगको अन्तसम्म रहेको थिएन।

दानिएल ८ मा गाब्रिएलले २३०० दिनको भविष्यवाणीको अर्थ खुलाउन सुरु गर्छन्। भैंडाले मिडपर्सिया राज्यको प्रतिनिधित्व गर्छ भनेर उनले नाउँ नै काढेर भन्छन्। अनि बोकाले ग्रीक साम्राज्यलाई जनाउँछ (दानिएल

८:२०,२१)। नाउँ नै नभनेपनि अरू दुई शक्ति जुन सानो सिङ्गले इङ्गित गर्छ त्यो रोम हो भनेर बुझ्न सकिन्छ (दानिएल ८:९,२३,२४)। अनि उनले रोमी साम्राज्यको धार्मिक-राजनैतिक शक्तिको पक्षलाई औंल्याउँछ जसले सत्यलाई जमिनमा फ्याँकिनेछ भनिएको छ (दानिएल ८:१०-१२) र स्वर्गमा हुने ख्रीष्टको सेवाकार्यलाई त्यस शक्तिले हस्तक्षेप गरिनेछ भनिएको छ (दानिएल ८:१०-१२)। दानिएल ८:१४ मा बताएको पवित्रस्थानको शुद्धिकरण वा पुनःअर्पणचाहिँ यस अध्यायको चरमबिन्दु हो। यस पृथ्वीको सांसारिक र धार्मिक शक्तिले परमेश्वरको अधिकारलाई तहसनहस पार्न खोज्ने गरि चुनौतिलाई परमेश्वरले कसरी जवाफ दिनुभयो त्यसमा छ। पापको समस्यालाई समाधान गर्ने परमेश्वरको योजनालाई देखाउँदछ।

परमेश्वरले निर्धारण गर्नुभएको भविष्यवाणीको समय तालिकालाई गाब्रिएलले वाख्या गर्न राजी हुन्छन्। दानिएल ८को अन्तमा दानिएलले २३००को भविष्यवाणी बुझेको थिएन भनेर उनले स्पष्टसँग बताउँछ (दानिएल ८:२७)। भेँडा, बोका र सानो सिङ्गको बारेमा र पहिला दुई शक्तिहरूलाई नाउँनै काढेर दानिएलले बताएका थिए (दानिएल २०,२१)। तर पवित्रस्थानको शुद्धिकरणको बारेमा तत्काल व्याख्या गरिएको थिएन।

दानिएल ८मा देखा परेका स्वर्गदूत गाब्रिएल दानिएल ९मा देखा परेर दानिएललाई भन्छन्: "तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ।" तर कुन दर्शन? त्यो हामीले अर्को बुँदामा हेर्नेछौं। दानिएलले देखेका दर्शनको केवल २३००को बारेमा दानिएल ८मा उनलाई बुझाइएको थिए।

**गाब्रिएलले दानिएललाई "अति माया गरिएको वा अति सम्मानित," भनेर सम्बोधन गर्दछन्। यसले स्वर्ग र पृथ्वीको बीचमा भएको घनिष्ट सम्बन्धलाई कसरी बुझाउँछ?**

## ३. स्वर्गदूतले दानिएललाई सिकाउँछन्

**दानिएल ९:२३मा स्वर्गदूतले के विशेष ज्ञान खुलाउँछन् र त्यसमा दानिएल ८:१४मा उल्लेखित गरिएको पवित्रस्थानको शुद्धिकरणलाई कसरी बुझाउँछ? हेर्नुहोस्, "तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो,**

**जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ।"**

स्वर्गदूतले दानिएललाई स्पष्ट ज्ञान खुलाउन "सन्देशलाई बिचार गर र दर्शन बुझ," भन्दछन्। कुन् सन्देश र कुन् दर्शन? दानिएल ९मा त कुनै दर्शन ने लेखिएको छैन। त्यसकारण, दानिएल ८मा अगमवक्ताले नबुझेको २३०० दिनको भविष्यवाणीलाई (दानिएल ८:२७) स्वर्गदूतले सम्बोधन गरेको हुनुपर्दछ।

**गाब्रिएलले दानिएल ९:२४-२७मा आफ्नो भनाइलाई अघि बढाउँछन्। यसमा येशूको जीवन र सेवाकार्यको कुन् घट्नाहरूलाई औँल्याइएको छ? हेर्नुहोस्, "२४ “तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी ’सातहरू÷* को आदेश तोकिएको छ। २५ “यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात ’सातहरू÷ र बयसट्ठी ’सातहरू÷ हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी ’सातहरू पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक ’सात÷ * को लागि तिनले एउटा करारको सदर गर्नेछन्। ’सात÷-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।”**

यस भविष्यवाणीको पहिलो भाग परमेश्वरका जनहरू अर्थात् यहूदीहरूसँग सम्बधित छ। “तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी ’सातहरूको आदेश तोकिएको छ।" दानिएल ९:२४। बाइबलको भविष्यवाणीको नियम अनुसार एक दिनको अर्थ एक वर्ष हो भनेर हामीलाई थाहा छ (इजकिएल ४:६, गन्ती १४:३४)।

दानिएल र प्रकाशमा दिएका प्रतिकहरूको अर्थ छन् भने भविष्यवाणीको समयको प्रतिकको पनि अर्थ हुन्छ। भविष्यवाणीमा उल्लेखित एक दिनको अर्थ एक वर्ष कसरी हुन्छ भनेर प्रमाण चाहिन्छ भने त्यसलाई प्रयोग गरेर दानिएलको समय तालिका ठिक ठिक भएकोलाई बुझ्न सकिन्छ। यदि यस नियमलाई हामीले प्रयोग गऱ्यौं भने ७० हप्ताको अर्थ ४९० दिनहरू हुन्छ अर्थात् ४९० अक्षरस वर्षहरू।

दानिएललाई गाब्रिएलले भन्छन् कि ४९० वर्ष काटिएको छ (वास्तविक हिब्रू भाषा चथाक chathak हो। यसलाई कहिलेकाहीँ "निर्धारण" गरिएको भनेर पनि अनुवाद गरिन्छ)। कहाँबाट काटिएको? अरू कुनैबाट नभएर दानिएल ८:१४ को २३०० दिनबाटमात्रै हो भनेर बुझ्न सकिन्छ। यो ४९० दिनको वा वर्षहरूको समय भविष्यवाणी दानिएल ८:१४को समय तालिकाको भविष्यवाणीसँग सिधै जोडिएको छ। दानिएलमा नबुझाएको समय तालिकाको भविष्यवाणी केवल त्योमात्र हो। त्यसकारण, दानिएल ८ मा दानिएलले नबुझेको भविष्यवाणीको अर्थ दानिएल ९मा गाब्रिएलले बुझाउन आउँछन्। त्यो भविष्यवाणी हो २३०० दिनको।

## ४. मसीह वा अभिषिक्त जन काटिएको वा हटाइएको

गाब्रिएलले ४९० वर्षको भविष्यवाणीलाई व्याख्या गर्छन्। यस भविष्यवाणीको सुरु त्यसबेलादेखि भएको थियो जब यरुशलेमको पुनरुद्धार र पुननिर्माणको आदेश दिएको थियो। यो दानिएल र समस्त यहूदीहरूको निम्ति अत्यन्तै महत्त्वपूर्ण इतिहासको पाना थियो। यरुशलेमको पुननिर्माण गर्ने मामिलामा धेरै आदेशहरू त पहिला दिएका थिए तर एज्रा ७ अध्यायमा उल्लेख गरिएको अध्यायदेश अत्यन्तै महत्त्वपूर्ण छ। यसले ४९० वर्षको भविप्यवाणीलाई सुरु गरेको थियो। त्यो अध्यादेशको मिती ई.पू. ४५७ थियो। यस अध्यादेशमा यहूदीहरू आफ्नो देशमामात्र फर्किने होइन तिनीहरूले धार्मिक समूदाय स्थापना गर्न पनि अधिकार दिएको थियो (एज्रा ७:१३,२७)। राजा आर्तसास्तले यो आदेश ई.पू. ४५७मा दिएका थिए। ई.पू. ४५७मा दिएको यो आदेशलाई मसीहसम्म आइपुग्दा दानिएलको अनुसार ६९ हप्ता वा ४८३ वर्ष हुन्छ। ई.पू. ४५७ मा दिएको आदेश ऐतिहासिक समय तालिका अनुसार सन् २७ मा अन्त हुन्छ।

मसीहलाई अभिषिक्त जन वा अभिषेक गरिएको जन पनि भनिन्छ। सन २७मा येशू ख्रीष्ट जो मसीह हुनुहुन्छ उहाँलाई बप्तिस्मा दिइएको थियो (मत्ती ३:१३-१७)। येशूले बप्तिस्मा लिने ठिक समय दानिएलले सयौं वर्ष अघि भविष्यवाणी गरेका थिए। यही समय देखि येशूले तीन वर्ष छ महिना आफ्नो सेवाकार्य सुरु गर्नुभएको थियो।

**रोमी ५:६-९सँग दानिएल ९:२६ पढ्नुहोस्। यसमा के महान् सत्यहरू प्रकट गरिएका छन्? "६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। ९ यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं।" रोमी ५:६-९ र "बयसट्ठी 'सातहरू पछि ती अभिषिक्त जन हटाइनेछन् वा काटिनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ।" दानिएल ९:२६।**

"बयसट्ठी सातहरूपछि ती अभिषिक्त जन हटाइनेछन् वा मारिनेछन् र तिनीसँग केही पनि रहनेछैन वा आफ्नो लागि मारिने होइन।" दानिएल ९:२६। अभिषिक्त जन वा मसीह हटाइने छन् वा क्रूसमा टाँगिनेछन्। नेपालीमा "तिनीहरूसँग कोही रहने छैन" भनेर अनुवाद गरिएतापनि त्यसको खास अनुवाद, "तर आफ्नो लागि होइन," हो। यथार्थमा भन्ने हो भने कलभरीको क्रूसमा येशू ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो आफ्नो निम्ति होइन, त्यसैकारण पावलले यो जिकिर गरेर लेख्दछन्, "परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।" (येशू पापी हुनुहुन्न त्यसकारण उहाँको निम्ति उहाँ मर्नु आवश्यक थिएन) रोमी ५:८।

दानिएल ९:२७ अनुसार हप्ता वा अन्तिम सात वर्षको बीचमा येशूले" 'सात÷-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्।" हप्ताको बीचमा वा सन ३१मा येशूलाई क्रूसमा टाँगिएर उहाँको रगतले अनन्तको करासको अनुमोदन गर्नुभएको थियो र सम्पूर्ण बलिप्रथाको अन्त्य भएको

थियो। पौराणिक इस्राएलको पवित्रस्थानमा गरिने विभिन्न विधिहरूले येशूलाई औँल्याएको थियो। येशूको मृत्युपछि अब कुनै पनि विधिको अर्थ रहने। पवित्र मन्दिरमा गरिने पशुबलि विधिहरूले येशूकै बारेमा भविष्यवाणी गरिएको थियो अब सन ३१मा भएको उहाँको मृत्युले मन्दिरमा गरिने बलिदान र भेटी सदाको निम्ति समाप्त भएको थियो। सबै भविष्यवाणीहरू विस्तृतरूपमा एक एक गरेर पूरा भएको थियो। निस्तार चाडमा जब प्रधान पुजारीले निस्तार चाडको पाठो मारिन लागेको थियो त्यसै समयमा येशू हाम्रो निम्ति मर्नुभएको थियो।

**माथि उल्लेख गरिएका विवरणलाई ध्यानमा राखेर मर्कूस १५:३८ र मत्ती ३:१५,१६ पढ्नुहोस्। दानिएल ९:२४-२७को भविष्यवाणीलाई ती पदहरूले बुझाउन हामीलाई कसरी मद्दत गर्दछ? हेर्नुहोस्, "अनि मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो।" मर्कूस १५:३८।**

## ५. सन १८४४

२३०० वर्षको भविष्यवाणीबाट पहलो ४९० वर्ष पौराणिक यहूदीहरूको निम्तिमात्र निर्धारण गरिएको थियो, सारा मानव प्राणीको निम्ति अनि मसीहको आगमन। अनि २३०० वर्षको अन्तिम भाग परमेश्वरका जनहरूको निम्ति निर्धारण गरिएको हुनुपर्दछ। उहाँका जनहरू भन्दा यहूदी वा अयहूदीहरू जसले येशूलाई विश्वास गर्छन्। त्यसको साथै त्यस भविष्यवाणीको बाँकि वर्षहरूमा स्वर्गमा भएको पवित्रस्थानको शुद्धिकरण र अन्तमा आएर येशूको दोस्रो आगमन।

प्रथम ४९० वर्षको भविष्यवाणी येशूको आगमनमा प्रयोग गरिएको थियो र त्यस ४९० वर्षको अन्त सन ३४मा भएको थियो। २३०० वर्षबाट ४९० घटाउँदा १८१० वर्ष बाँकिहुन्छ। यो अर्को भविष्यवाणी जुन १८१०मा अन्त्य भएको थियो त्यो परमेश्वरका जनहरूको निम्ति थियो। यदि परमेश्वरको जनहरूको निम्ति भएको भविष्यवाणी सन ३४मा सुरु हुन्छ भने त्यसलाई १८१० जोड्दा हामी १८४४मा आउँदछौं।

पवित्रस्थानको शुद्धिकरण वा सत्यको पुनर्स्थापनाको परिवेशमा स्वर्गले गरिने अन्तिम इन्साफलाई ध्यानमा राखेर परमेश्वरले सारा मानव जगतलाई अन्तिम अपिल वा आग्रह गर्नुहुन्छ जुन प्रकाश १४:६,७ मा पाइन्छ।

मानिसहरूले उहाँको प्रेमलाई अङ्गाल्न, उहाँको अनुग्रहलाई स्वीकार गर्न र धर्मपरायण र आज्ञाकारी जीवन बिताओस् भन्ने परमेश्वरको आह्वान छ।

**लेबी १६:१६ पढ्नुहोस्। पवित्रस्थानको शुद्धिकरणको कारण के हो र यसले हामीलाई सुसाचारको बारेमा के बताउँछ? हेर्नुहोस्, "यसरी इस्राएलीहरूका अशुद्धि, अपराध र तिनीहरूका जम्मै पापको कारणले महा-पवित्रस्थानका निम्ति त्यसले प्रायश्चित गरोस्। तिनीहरूका अशुद्धिको बीचमा भएको भेट हुने पालको निम्ति पनि त्यसले त्यसै गरोस्।"**

मानिसहरूका पाप र दुष्टताहरूको कारणले पौराणिक इस्राएलको पवित्रस्थान सफा गर्नुपर्थ्यो वा शुद्ध गर्नुपर्थ्यो। त्यो शुद्धिकरण पशुहरूका रगतलेमात्रै गर्न सक्थ्यो। हामीलाई पनि त्यस्तै हो। हामीलाई मुक्तिदाताको आवश्यक छ। प्रायश्चितको दिनमा मारिएका पशुहरूले उहाँको जीवनलाई प्रतिबिम्बित गरेको थियो। इन्साफको दिनमा सफाइ पाउन त्योमात्रै आधार थियो।

**लेबी २३:२६-२९ पढ्नुहोस्। प्रायश्चित वा इन्साफको दिनमा मानिसहरूले के गर्नुपर्थ्यो भनेर परमेश्वरले के आदेश दिनुभएको थियो र वर्तमान परिप्रेक्ष्यमा त्यसको अर्थ हामीलाई के छ? हेर्नुहोस्, "२६ परमप्रभुले मोशालाई भन्नुभयो, २७ "सातौं महिनाको दशौं दिनचाहिँ प्रायश्चितको दिन होस्। त्यस दिन तिमीहरूले पवित्र सभा राख्नू। तिमीहरूले आफैलाई इन्कार गर्नू, र तिमीहरूले परमप्रभुको निम्ति अग्नि-होम चढ़ाउनू। २८ त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू, किनभने परमप्रभुको सामुन्ने तिमीहरूका निम्ति प्रायश्चित गरिने यो प्रायश्चितको दिन हो। २९ त्यस दिन जसले आफूलाई इन्कार गर्दैन, त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस्।"**

इस्राएलीहरू आफूहरूलाई इन्कार गरियोस्, कष्ट देओस् वा परमेश्वरमा आत्मसमर्पण गरियोस भनेको थियो। यसको अर्थ जब प्रधान पुजारीले पवित्रबासस्थान शुद्धिकरण गरिरहेको बेलामा मानिसहरू नम्र भएर आआफ्ना हृदयहरू छाम्नु पर्थ्यो, आफ्ना पापहरू स्वीकार गर्नुपर्थ्यो, पश्चाताप गर्नुपर्थ्यो र परमेश्वरसँग आफूहरूलाई शुद्ध बनाउन प्रार्थना गर्नुपर्थ्यो।

**दानिएल ७-९ र प्रकाश १४का अध्यायहरू भविष्यवाणी हुन्। तिनीहरूमा विशेष गरेर न्यायको घडीको निम्ति तयार हुन जरुरी आह्वान थियो। १८४४देखि हामी न्यायको घडीमा बाँचिरहेकाछौं, र प्रकाश १४:७मा उल्लेख गरिएको पहिलो स्वर्गदूतको सन्देश नै "उहाँको इन्साफको घडी आएको छ," भनिएको छ। तब हामीले हामीहरूले आफूहरूलाई कसरी कष्ट दिने वा इन्कार गर्ने त?**

**उपसंहार:**

**थप जानकारी:** दानिएल ९:२४-२७ मा लेखिएको ७० हप्ताको भविष्यवाणी संक्षेप्तमा यो छ भन्न सक्छौँ। पहिलो, ७० हप्ताहरू (दानिएल ९:२४), दोस्रो, सात हप्ताहरू र ६२ हप्ताहरू वा ६९ हप्ताहरू (दानिएल ९:२५) जुन् ७० हप्ताको भाग हो। अनि अन्तिम हप्ता जुन ७० यौँ हप्ता हो (दानिएल ९:२७)।

अन्तमा आएर अन्तिम हप्ता दुई भागमा विभाजित भएकोछ। त्यो हो "हप्ताको बीच" (दानिएल ९:२७) जुन दुई ती वर्ष र छ महिनाको दुई खण्डहरू।

यही सत्तरी हप्ता दुई खण्डमा बिभाजित भएको छ: प्रथम ६९ हप्ताहरू र एक हप्ता। र त्यो एक हप्ता दुई खण्डमा बिभाजित भएको छ। ई.पू. ४५७ देखि लिएर हिसाब गर्दा समय तालिक अनुसार त्यो भविष्यवाणी १८४४ मा अन्त हुन्छ।

२३०० दिनहरूको बारेमा दानिएल ८ मा चर्चा गर्दा २३०० दिनहरू कहिले सुरु हुन्छ भनेर दानिएलले कहिल्यैपनि भनेको थिएन। "उनले मलाई भने, “दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पून:अर्पण हुनेछ।” दानिएल ८:१४। दुई हजार तीन सय दिनहरू- कहिलेदेखि ? किन दानिएलले देखेका स्वप्नदर्शन देखि सुरु भएन वा राजा बेलशेजारको शासनकालदेखि (दानिएल ८:१) ?

यसले काम गर्दैन। दानिएल ८ को स्वप्न दर्शनमा बेबिलोन समावेश भएको छैन। तर त्यसपछिको घट्नहरूबाट सुरु भएको थियो, वा मिडपर्सिया, ग्रीस, रोम अनु अन्तको समयसम्म। दानिएललाई देखाएको दर्शनमा पवित्रस्थानको शुद्धिकरण बेबिलोनको घट्नाबाट हो□न। तर दर्शनमा देखा□एको अनुसार भविष्यवाणीको चरमबिन्दु मिडपर्सियाबाट सुरुभएर समयको अन्तसम्म फैलिएको थियो। यसमा धेरै वर्षहरू समावेश भएको छ।

यो भविष्यवाणीको समयतालिकाको सुरु दानिएल ८ मा उल्लेख गरेको छैन तर दानिएल ९ मा उल्लेख गरिएको छ।

**चिन्तनमनन:**

अ. सुसमाचार र इन्साफ दुई भागहरू भएतापनि एक आपसमा सम्बन्ध भएको एउटै भविष्यवाणी हो। यो सम्बन्ध हाम्रो निम्ति किन शुभ समाचार हो?

आ. यस सम्बन्धले न्यायको बारेमा गरिएको चर्चाले हामीमा किन डर हुँदैन?

इ. दानिएल ९:२६मा मसीह काटिएको वा हटाइएको तर आफ्नो लागि होइन भनेको छ। केको बारेमा चर्चा गरिएको छ। कसको लागि र किन उहाँ हटाइएको वा मारिएको थियो?

ई. लेबी १६:१६ र लेबी २३:२६-२९ फेरि पढ्नुहोस्। यसमा पवित्रस्थानको शुद्धिकरण किन गर्नुपर्‍यो र जब त्यो हुन्छ मानिसहरूले के गर्नुपर्थ्यो? यहाँ के भइरहेको छ र आजको सन्दर्भमा हाम्रो निम्ति के अर्थ छ?

## कथा ६

# बाइबल बोक्ने व्यक्ति, रेमुस



रेमुस "बाइबल बोक्ने व्यक्ति" भनेर प्रख्यात थियो। उनी नर्स थिए, र उनकी श्रीमती भवनको नक्सा बनाउँथिन्। आफ्ना ती छोराछोरीहरूसँग तिनीहरू फ्रान्समा खुशी नै थिए। हेर्दा तिनीहरूमा सबै थोक भएतापनि तिनीहरूका भित्री हृदयमा केही न केही अभाव भएको तिनीहरूले महसुस गरेका थिए। त्यसकारण, तिनीहरूको जीवन सुविधा सम्पन्न भएतापनि तिनीहरू खास खुशी थिएनन्।

परमेश्वर पितालाई येशूले गर्नुभएको प्रार्थना दोहोऱ्याउन रेमुस चाहेका थिए। "मैले यस पृथ्वीमा तपाईंको महिमा गरें। तपाईंले दिनुभएको काम मैले सिध्याएँ।" यूहन्ना १७:४। रेमुसले पनि आफ्नो जीवनबाट परमेश्वरको महिमा गर्न चाहेका थिए, तर कसरी? जब येशूले यहूदी सभाघरमा आफ्नो लक्षको घोषणा गर्नुभयो त्यही लक्ष आफ्नो पनि हुनुपर्छ भनेर रेमुसले सोच्न पुगेको थियो, "परमेश्वरको आत्मा माथि छ। गरिबहरूलाई सुसमाचार सुनाउन मलाई उहाँले अभिषेक गर्नुभएको छ। टुक्रिएको हृदयलाई निको पार्न, बन्धनमा परेकाहरूलाई स्वतन्त्र पार्न र अन्धालाई दृष्टि दिन, दमनमा परेकाहरूलाई फुत्काउन र परमेश्वरको ग्रहण योग्यको आउने वर्षको घोषणा गर्न मलाई खटाउनुभएको छ।" लूका ४:१८,१९। येशू फर्किनुभन्दा अघि चेलाहरूलाई दिनुभए निर्देशनहरू रेमुसले पढे, "सारा ससांरमा जाऊ र चेलाहरू बनाउ, तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ र मैले जे जे सिकाएँ र तिनीहरू अनुसार चल्न सिकाउ।" मत्ती २८:१९,२०। अनि उनले एलेन ह्वाइटको *कलपोर्टर मिनिस्त्री* पढे, "बाइबलमा आधारित साहित्यहरू बेच्नु मिशिनेरी कामको निम्ति खटाइएको अत्यन्तै उच्च काम हो।" पृ. ६। रेमुसले बाइबलमा आधारित पुस्तकहरू बेच्ने निर्णय गरे। आफ्नै बोलीमा उनी किताब बेच्ने निधो गरे जसले किन्न चाहँदैन।

रेमुस र उनको परिवार स्पेनको गलेशिया भन्ने सहरमा सरे। त्यहाँका मानिसहरूले धर्मप्रति चासो थिएन। त्यहाँ तीस लाख मानिसहरू थिए। त्यहाँ केवल ५०० जना एडभेन्टिस्टहरू थिए र पाँच वटा चर्चहरूमा आराधना गर्दथे। रेमुसले बाहिर बजारमा बाइबल र अरू पुस्तकहरू बेच्न थाले। त्यस बजारमा मानिसहरू खेतबारीका सामान, लुगा, खेलौना, किताब र सस्तो सामानहरू किन्न आउँथे। जब उनले पुस्तकहरू बेच्न थाले मानिसहरूलाई उनलाई बाइबल व्यक्ति भनेर सम्बोधन गर्न थाले। बाहिर बजारमा पुस्तकहरू बेच्ने अर्को मानिस पनि रेमुसले देखे। उनी त्यहाँ गएर त्योसँग कुरा गर्न

थाले। तर उनी कुरा गर्न नचाहेको जस्तो थियो। तैपनि रेमुसबाट उनी चुपचाप रहन नचाहेको देखाएको थियो। "तपाईं अचम्मको छ," भनेर त्यस मानिसले रेमुसको बारेमा स्वीकाऱ्यो। धेरै कुराकानी पछि त्यस मानिसले रेमुसका धेरै पुस्तकहरू बेच्न मञ्जुर गऱ्यो। उसलाई धन्यवाद दिएर रेमुसले उनलाई बाइबल उपहार दिए। घरमा गएर त्यस व्यक्तिले बाइबल पढ्यो। पछि आफूलाई बाइबल सिकाउन उसले रेमुसले अनुरोध गऱ्यो। धेरै महिनाको अध्ययन पछि त्यस व्यक्तिले आफ्नो हृदय येशूले सुम्प्यो। आज येशूलाई ग्रहण गरुन् भनेर आफ्नी छोरी, बहिनी र आमालाई अनुरोध गरिरहेका छन्।

उनी र रेमुस साथी भएको छ। जब तिनीहरू भेट हुन्छ तब रेमुसलाई बाइबल व्यक्ति भनेर बोलाउँछ।

एक दिन पुस्तकहरू सडकमा बेच्ने क्रममा एक जना मानिसले रेमुसलाई रोकेर सोध्यो, "के त्यो बाइबल हो?" "हो, म बाइबल बेच्दैछु," रेमुसले जवाफ दिए। "कतिपर्छ?" उसले सोध्यो "हजार रूपैयाँ," रेमुसले भन्यो। "मलाई एउटा दिनुहोस्," भनेर उसले माग्यो। त्यसबेला बाइबल बेच्न रेमुसले केही पनि गर्नुपरेन। आफ्नो घरबाटमात्र उनी बाहिर निस्के। परमेश्वरले नै उनको निम्ति बाइबल बेच्नुभएको थियो भनेर उनले बताए। अर्को पल्ट रेमुसले बाइबलहरू बेचेको देखेर एक जना महिला खुशीले उफ्रिन्, "बाइबलको निम्ति मैले प्रार्थना गर्दै थिएँ। यो त परमेश्वरले मेरो प्रार्थना सुन्नुभयो।"

अर्को पल्ट रेमुस किताब बेच्न ७० माइल वा १२० किलोमिटेर यात्रा गरे। जब उनी बजारमा पुगे तब उनले धेरै पुस्तकहरू बेचे। त्यसको निम्ति उनी खुशी भएका थिए। तर बेलुका भएपछि आफ्नो यात्रालाई चाहिने पेट्रोल खर्च नपुगेको उनले महसुस गरे। आफू बेकारमा त्यहाँसम्म आएको भनेर उनले सोचे। त्यस समय एक जना ९० वर्षको जेष्ठ नागरिक उनका आएर "तपाईंसँग बाइबल छ कि?" भनेर सोधे। येशूले उनलाई माया गर्नुहुन्छ कि भनेर उनले थाहा पाउन चाहेको थियो। रेमुसले अत्यन्तै आनन्दित भएर येशू र उहाँको प्रेमको बारेमा उनलाई सुनाए। दुवै जना आँखाभरि आँशु झारेर येशूको प्रेमको बारेमा चर्चा गरे। त्यस मानिसले बाइबल पनि किने। येशूलाई चिन्न उमेरको हद हुँदैन। त्यस वृद्धालाई भेटेर येशूको प्रेम बताउन पाएकोले त्यहाँ यात्रा गरेको सफल भएको उनले महसुस गरे। त्यस व्यक्तिलाई स्वर्गमा देख्न पाउने आशा रेमुसले राखेका छन्। स्पेनमा परमेश्वरको सेवा गर्न पाउँदा रेमुस खुशी छन्। "यस संसारमा धेरै मानिसहरू जीवनको रोटी खोज्दैछन्। तिनीहरूलाई बाइबल दिएर सहयोग गर्न सक्छौं," रेमसुले बताए। आफूलाई बाइबलीय व्यक्ति भनेकोमा रेमुस खुशी छन्।

***-आन्ड्र्यु मेकचेस्नी***